☆ ☆ ☆

प्रेस विज्ञप्ति

अमेरिकी केन्द्र, अमेरिकी राजदूतावास
याक एण्ड यति कम्प्लेक्स (वेस्ट विङ, काठमाडौं) फोन : ४४४५५७७
फेब्रुवरी १०, २००६

ईन्टरनेसनल भिजिटर कार्यक्रम समाज स्थापना

नेपाल तथा अमेरिका बिचको द्विपक्षीय सम्बन्धको पेसागत तथा बौद्धिक प्रवर्धनका लागि अमेरिकी ईन्टरनेसनल भिजिटर लिडरसिप प्रोग्राम (IVLP) का पूर्व सहभागीहरुको एक संस्था आई. भी. आलुम्नाई एसोसिएसन नेपाल (IVAAN) स्थापना भएको छ ।

यस संस्थाले यसका सदस्यहरु बिच आपसी सम्बन्ध र संचारको वृद्धि गर्ने, बौद्धिक तथा पेसागत विचार र अनुभवहरुको आदनप्रदान गर्ने, नेपाली तथा अमेरिकी जनताको विचमा आपसी समझदारीको वृद्धि गराउने उद्देश्य राखेको छ ।

दि राईजिङ्ग नेपालका संपादक लोकदीप थापा अध्यक्ष रहनुभएको तदर्थ समितिमा नेपाल समाचारपत्रका प्रधान सम्पादक पुष्कर लाल श्रेष्ठ उपाध्यक्ष, राघव राज रेग्मी महासचिव, गोपाल तिवारी कोषाध्यक्ष, तथा सदस्यहरुमा मनोहर भट्टराई, ज्ञानेन्द्र विक्रम महत र बन्दना राणा रहनु भएको छ ।

यस कार्यक्रम अन्तरगत सहभागी भएका महानुभावहरुलाई नवस्थापित समाजको सदस्यता लिन पनि आव्हान गरिएको छ । यस कार्यक्रममा १९५० देखि समाजका विभिन्न अंगहरु - राजनैतिक, प्राज्ञीक, निजी क्षेत्रहरु लगायत नागरिक समाज, सञ्चार तथा सरकारी सेवाबाट ५०० भन्दा बढी नेपालीहरु सहभागी भइसक्नु भएको छ र अमेरिकी राजदुतावासद्वारा बर्षेनी केही नेपालीहरुलाई यस कार्यक्रममा आमन्त्रण गरि सहभागी बनाउने प्रकृया निरन्तर रहेको छ । विगत वर्षहरुमा ईन्टरनेसनल भिजिटर प्रोग्राम (IVP) को रुपमा परिचित यस कार्यक्रमलाई हाल नेतृत्व विकासलाई महत्व दिंदै IVLP का रुपमा विकसित गरिएको छ ।

सम्पर्क ठेगाना:
फोन : ४४१७३६१
ईमेल : ivaan@mos.com.np